प्रदेश सरकार

# शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश

## हेनान छात्रवृत्तीमा मनोनयनको लागि निवेदन माग सम्बन्धी सूचना

सुचना प्रकाशन मिति:२०७८/११/२७

मित्रराष्ट्र चीनको हेनान प्रान्त सरकारबाट सन् २०२२ का लागि प्राविधिक विषययको स्नातक तह अध्ययन गर्न ४ (चार) वटा छात्रवृत्ती कोटा प्राप्त भएकाले गण्डकी प्रदेशमा बसोवास गर्ने नेपाली नागरिकले तपसिलमा उल्लिखित प्रक्रिया पुरा गरी सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश, पोखरामा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले तीस दिन भित्र दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघि आएको र योग्यता नपुगेका निवेदकको दरखास्त माथि कुनै कारवाही हुने छैन ।

**छात्रवृत्तीका लागि निवेदन दिन सकिने विषयहरु**

क) Pharmaceutical Engineering,

ख) Tourism Management

ग) Mechanical Engineering and Automation Technology

घ) Hotel Management

**पेश गर्नुपर्ने कागजातहरु**

क) रितपूर्वक भरिएको आवेदन फाराम

ख) शैक्षिक योग्यताका प्रमाणपत्रका प्रमाणित प्रतिलिपी :

| क्रस | विषय | न्युनतम योग्यता |
|---|---|---|
| १ | Pharmaceutical Engineering र Mechanical Engineering and Automation Technology | विज्ञान विषयमा कक्षा १२ मा कम्तिमा द्बितीय श्रेणी वा २.४ GPA ल्याई उत्तीर्ण गरेको । Mechanical Engineering and Automation Technology विषय अध्ययनका लागि १२ कक्षामा गणित विषय पढेको हुनुपर्ने छ । |
| २ | Tourism Management र Hotel Management | विज्ञान वा व्यवस्थापन विषयमा कक्षा १२ वा सो सरह कम्तिमा द्बितीय श्रेणी वा २.४ GPA ल्याई उत्तीर्ण गरेको हुनुपर्ने छ । |

ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (नागरिकता र शैक्षिक योग्यताका प्रमाणपत्रमा नाम, थर, जन्म मिति फरक भएमा एउटै व्यक्ति भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरेको पत्र समेत तथा राहदानी पत्र बनाई नसकेका उम्मेदवारहरू छनौट भएमा राहदानी पत्र बनाई तोकिएको समयभित्र उपलव्ध गराइसक्नु पर्ने छ ।)

घ) सिफारिस पत्र : आदिवासी, जनजाति, दलित र मधेसी समुदायको व्यक्तिको हकमा त्यस्तो समुदायको व्यक्ति भनी सम्बन्धित निकायबाट प्रदान गरिएको सिफारिस पत्र ।

ङ) सामुदायिक विद्यालयबाट SEE उत्तीर्ण गरेका विद्यार्थीहरुले उक्त विद्यालय सामुदायिक विद्यालय भएको सम्बन्धमा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईबाट प्रमाणित कागजात पेश गर्नुपर्ने छ ।

नोट : यस मन्त्रालयबाट स्वीकृत मित्रराष्ट्र चीनको हेनान प्रान्त सरकारवाट प्राप्त छात्रवृत्ति कोटा विद्यार्थी छनौटको मापदण्ड तथा दरखास्त फाराम मन्त्रालयको वेभसाइट mosd.gandaki.gov.np बाट प्राप्त गर्न सकिनेछ  साथै छनौट भएका उम्मेदवारहरुले April 30, 2022 भित्र सम्बन्धित विश्वविद्यालयमा तोकिए बमोजिमका कागजातहरु पेश गर्नुपर्ने तथा September 1, 2022 बाट सेसन पढाइ हुने ।